## जिल्ला विपद व्यवस्थापन समितिको बैठकको निर्णयहरु, (२०७८।३।५)

१. दोलखा जिल्ला भौगर्भिक रुपमा पहाडी जिल्ला र धेरै मात्रामा नदी नालाहरु भएकोले मनसुनको समयमा बाढी पहिरोको जोखिम बढी हुने हुदा बिगत वर्षहरुमा भएका बिपदका घटनाको आधार र भौगोलिक रुपबाट समेत जोखिमयुक्त देखिने क्षेत्रहरुको पहिचान गरि सो जोखिमबाट हुन सक्ने अवस्थाको समेत पहिचान गर्ने र सोको बिबरण सबै पालिकाले ७ दिन भित्र जिल्ला विपद व्यवस्थापन समितिमा उपलव्ध गराउने,

२. बिपद सङ्ग सम्वन्धित सुचनाहरुको प्रवाह जिल्ला आपतकालिन संचालन केन्द्र (DEOC) र सुरक्षा निकाय एवं सवै स्थानीयतहहरु विच Real Time मा आदान प्रदान गर्ने ,

३. बिपदको अवस्था आईपरेमा तत्काल गर्नुपर्ने उद्धार र राहतको लागि आवश्यक सामग्री स्थानीय पालिकाहरु, नेपाल रेडक्रस सोसाईटी, सवै सुरक्षा निकायहरु र जिल्ला बिपद व्यवस्थापन समितिले आवश्यकता अनुसार खरिद गर्ने तथा सोको संचय र व्यवस्थापन गर्ने,

४. विपदको समयमा महत्वपुर्ण र अत्यावश्यक मानिने संचार सेवाको नियमितता र बिद्युत आपूर्तिलाई नियमित गराउन नेपाल टलिकम र बिद्युत प्राधिकरणका जिल्ला स्थित कार्यालयले आवश्यक पुर्ण तयारी गर्ने,

५. वर्षातको समयमा बाढी पहिरोको कारण सडक सञ्चालमा अवरोध आउन सक्ने हुदा जिल्लाको समग्र सडक सञ्चालको अवस्थिती र सडकमा हुन सक्ने जोखिम क्षेत्रलाई पहिचान गरी डिभिजन सडक कार्यालय र लामोसाँघु जिरी सडक योजना कार्यालयले आपसी समन्वयमा तत्काल सडकलाई संञ्चालनमा ल्याउन सकिने गरी जिल्लाका बिभिन्न स्थानमा हेभि इक्युपमेण्टलाई तयारी अवस्थामा राख्ने,

६. बाढी पहिरो र भारी वर्षाको कारण उद्धारको क्रममा हेलिकप्टरको प्रयोग गर्नु पर्ने अवस्था आईपरेमा हेलि रेस्क्युका लागि सम्भावित हेलिप्याड हरुको पहिचान गर्ने र एक स्थानीयतह एक हेलिप्याडको स्थायी संरचना अनिवार्य बनाउने,

७. मनसुनको कारणले हुन सक्ने बिपदमा गर्नु पर्ने उद्धारको कार्यको लागि सवै सुरक्षा निकायले आफ्ना तालिम प्राप्त जनशक्ति र अन्य समेतलाई उद्धारको सामग्री सहित तयारी अवस्थामा राख्ने,

८. स्थानीय पालिकाहरुले मनसुनको कारण बिपद भएमा उद्धार र पुनर्स्थापना गर्नु परेमा उद्धार र पुनर्स्थापना गर्न सकिने सम्भावित स्थानEvacuation Center को पहिचान गर्ने र सोको विवरण जिल्ला बिपद ब्यबस्थापन समितिलाई उपलव्ध गराउने,

९. बिपदका समयमा राहतका नाममा कोहि कसैले ब्यक्तिगत वा संस्थागत भनि रकम संकलन, राहत, चन्दा संलकलनलाई निरुत्साहिंत गर्ने र सरकारको स्वीकृति बेगर त्यस किसिमका कार्य गर्ने त्यस्ता ब्यक्ति वा संस्थालाई कानूनी कारवाही गर्ने,

१०. जिल्ला प्रशासन कार्यालयवाट तयार गरिएको मनसुन आपतकालिन कार्ययोजना-२०७८ लाई स्वीकृत गर्दै सबै निकायले यसै कार्य योजनाको आधारमा आफ्ना बिपद न्यूनिकरण सम्बन्धी कार्य गरी कार्ययोजनालाई कार्यान्वयन गर्नु पर्ने छ ,

११. मनसुनको समय भएकोले र अन्य समय समयमा समेत बिपदका घटना हुन सक्ने हुदा त्यस समयमा तत्काल अत्याबश्यक भएमा बिपद ब्यबस्थापन कोषवाट खर्च लेखि प्र.जि.अ.ले उद्दार तथा राहत सामग्री खरिद तथा व्यबस्थापन गर्नका लागि सहमति सहितको शिफारिस गर्ने,

१२. आजको मिति भन्दा अगाडि जिल्ला बिपद ब्यबस्थापन कोषवाट राहत उपलब्ध गराउदा खर्च भएको ११२०००।– लाई अनुमोदन गर्ने निर्णय गरियो।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय